# श्री चाँगुनारायण नगरपालिकाको आ.व. २०७३।७४ को लागि प्रस्तुत नीति,कार्यक्रम तथा बजेट सार्वजनिकिकरण

श्री चाँगुनारायण नगरपालिकाको आ.ब.२०७३/०७४ को लागि पारित नीति कार्यक्रम तथा बजेट सार्वजनिकिकरण

कार्यक्रमका प्रमुख अतिथी माननिय संस्कृति,पर्यटन तथा नागरिक उड्यान मन्त्री आनन्द प्रसाद पोखेल ज्यू,

बिशेष अतिथी माननिय सांसद रामेश्वर ढुङ्गेल ज्यू

माननिय सांसद केदार सञ्जेल ज्यू

माननिय सांसद अनुरोधा थापामगर ज्यू

अतिथी प्रमुख जिल्ला अधिकारी तोयम राय ज्यू

अतिथि स्थानीय बिकास अधिकारी पशुपति बावु पुरी ज्यू

राजनैतिक दलका जिल्ला तथा नगर प्रमुख तथा प्रतिनिधीज्यूहरु

बिषयगत सरकारी कार्यालय तथा गैर सरकारी कार्यालयका प्रमुखज्यूहरु

नागरिक समाजका प्रतिनिधीज्यूहरु

शिक्षण संस्थाका प्राचार्य एवं बुद्धिजिबी ज्यूहरु

वडा नागरिक मन्च तथा नागरिक सचेतना केन्द्रका पदाधिकारी ज्यूहरु,पत्रकार मित्रहरु,उपस्थित सम्पूर्ण बुबा आमा,दाजुभाई तथा दिदिबहिनीहरु एवं सहकर्मी कर्मचारी साथीहरु ।

विश्व सम्पदा सुचीमा सुचिकृत भएको र ऐतिहासिक, धार्मिक, सास्कृतिक, पर्यटकिय दृष्टिकोणले अति नै महत्वपूर्ण प्राचीन श्री चाँगुनारायणको मन्दिरको दक्षिण फेदीमा रहेको यो चाँगुनारायण नगरपालिकाको कार्यालय संचालन गरि आएको भवनको प्राङ्गणमा आयोजित यस नगरपालिकाको दोस्रो नगरपरिषद बाट पारित निती, कार्यक्रमको सार्वजनिकीकरण गर्ने गरिमामय घोषणासभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि आफ्नो विविध समस्याहरु पन्छाउदै कार्यक्रममा सहभागी हुनु भएका प्रमुख अतिथि ज्यू,विशेष अतिथि ज्यू , अतिथि ज्यूहरु एवं सम्पूर्ण सहभागी महानुभावहरु मा हार्दिक स्वागत अभिवादन टकयाउन चाहन्छु । आम नेपाली जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाई लोकतान्त्रीक गणतन्त्र स्थापना गर्न जनता द्धारा जनताको लागि बनाइएको जनताको सविधान अर्थात नेपालको संबिधान २०७२ जारी गर्ने समेत आजको

अवस्था सम्म आई पुग्दा विभीन्न अभियानमा समाहीत हुदै आफ्नो जिवन आहुती दिनु हुने सम्पूर्ण ति ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपाल सरकारको मिति २०७१।०८।१६ गते को निर्णयबाट शहरोन्मुख गा.वि.स. हरुलाई नगरपालिका मा परिणत गर्ने निती अनुरुप तत्कालीन चाँगुनारायण, छालिङ्ग, झौखेल र दुवाकोट समेत ४ वटा गा.वि.स. हरु समेटी चाँगुनारायण नगरपालिकाको नाम बाट स्थापीत यो नगरपालिका सम्बृद र ब्यबस्थीत नगरपालिकाको रुपमा स्थापीत हुनको लागि विभीन्न चुनौती र समस्याहरु पार गर्दै आजको अवस्था सम्म आई पुगेको छ । नगरपालिका का आवश्यक पुर्वाधार र श्रोत साधनको पर्याप्त पुर्णता विना नै नगरपालिकाको जिम्मेवारी, दायीत्व बहन गर्दै अगाडि बढन पनि कठिन भएको छ । नगरपालिकाको संरचना अनुसार आवश्यक कर्मचारी व्यवस्थापन,भवन व्यवस्थापन, आर्थिक व्यवस्थापन, नितिगत व्यवस्थापन आदी जस्ता अत्यावश्यक पुर्वाधारहरुको व्यस्थापन अभावले नगरपालिकाबाट उपलब्ध गराइने सेवा सुविधा र सरोकारका विषयमा सोचे अनुरुप गति दिन कठिनाई भै रहेको कुरा सर्वविदितै छ । तर पनि नगरपालिकाको घोषण भए पश्चात एकातीर तत्कालीन गा.वि.स. को हैसियतलाई एक कदम अगाडि लगी नगरपालिका को अस्तित्व वोध गराउन स्थानिय बासिन्दा सेवाग्राहीमा अनुभुती गराउन कामको उदाहरण प्रस्तुत गर्नु पर्ने जिम्मेवारी पुरा गर्न श्रोत साधानको अभावले समस्या परि रहेको अवस्थामा एक्कासी मिति २०७२ साल बैशाख १२ गते विनाशकारी भुकम्प आई देशको विभिन्न स्थानमा ठूलो जनधनको क्षति व्यहोर्ने क्रममा यस नगरपालिका क्षेत्र भीत्र पनि धन जनको ठूलो क्षति व्यहोर्न विवस हुनुपर्‍यो । भुकम्पको क्षति व्यहोर्न बाट यस नगर क्षेत्र पनी अछुतो रहन सकेन । बैशख १२ गतेको विनासकारी भुकम्प पछि पुन १३ गते ,२९ गते र समय समयमा आज सम्म पनि बेला वेला आईरहेको पराकम्पहरुबाट समेत ठूलो धनजनको क्षति ब्यहोर्न यस नगरपालिका क्षेत्रका नगरबासी दाजुभाई दिदिबहिनी, आमा बुवा लगायत सबै क्षेत्र, वर्ग वाध्य भै रहका छौ । यसरी विनाशकारी भुकम्प बाट आएको क्षति पश्चात पिडितको लागि आवश्यक राहत सहयोग उपलब्ध गराउन नगरपालिकाले आफ्नो तर्फ बाट यथासक्दो पहल कदमहरु बढाई विभीन्न संघसंस्था एवं निकाय हरुमा समन्वय गरि जिल्ला स्तरमा एकद्धार प्रणालीको माध्यम वाट समन्वय सम्पर्क गरी सहजीकरणको माध्यम बाट उपलब्ध गराउन यथासम्भव पहल प्रयत्न गरिएको थियो । तर पनि सोचे जस्तो,चाहे जस्तो आवस्यकता अनुसारको उपलव्धता हासिल गर्न सम्भव भएन । तापनी सबै पिडितमा कुनै न कुनै माध्यम वाट न्यून भए पनि आपत्कालीन आवस्यक सहयोग पुर्‍याउन भने सकिएको महसुस भएको छ । क्षति अनुसारको सहयोगको अपेक्षा पुरा गर्न नगरपालिकाको श्रोत साधनको अभावले नसके पनि पछिल्ला दिनमा राज्यको तर्फ बाट उपलब्ध गराइने खाद्यान्न, अस्थायी बसोवास, न्यानो कपडा लगाएत बापत उपलब्ध गराउदै आएको सहयोग निष्पक्ष र छिटो छरिटो माध्यम अपनाई पिडितलाई उपलब्ध गराउदै आएको छ । २०७२ बैशाख १२ गतेको विनासकारी भुकम्प पश्चात तल्कालै यस नगरपालिका बाट भुकम्प पिडितहरुका लागि पाल,खाद्यान्न आदी खरिद गरि सहयोग स्वरुप वितरण गरियो । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट भुकम्प पिडितहरुको राहत वितरण बापत प्रति वडाको २ लाखको दरले प्राप्त रु ३२ लाख सम्बन्धित वडाका नगरिक वडा मञ्चका संयोजक मार्फत राहत वितरण गर्न जम्मा रु ३२ लाख उपलब्ध गराइएको थियो । त्यस्तै सोही विनाशकारी भूकम्पबाट यस न.पा. क्षेत्रका मृत्यु भएका १४ जनाको परिवारलाई नगरपालिकाको तर्फ बाट आर्थिक सहयोग स्वरुप जनही रु १५,०००।- उपलब्ध गराइएको थियो । जिल्ला दैविक प्रकोप उद्धार समिति

भक्तपुर बाट प्राप्त क्षति विवरण अनुसार २०७२ बैशाख १२ गते आएको विनासकारी भुकम्पबाट पूर्ण रुपमा घर क्षति भएका ५५२४ जनालाई भुकम्प पिडित परिचय पत्र (रातो कार्ड) वितरण गरियो भने उक्त समितिबाट प्राप्त रकम मध्यबाट हालसम्म ५२८२ जनालाई प्रति घर रु १५,०००।- का दरले वितरण गरियो । त्यस्तै न्यानो कपडा खरिद गर्न ५२८२ जनालाई प्रति घर परिवार रु १०,०००।- का दरले रकम वितरण गरियो ।

दिन प्रति दिन क्षति र पिडा लाई विर्सदै शोकलाई शक्तिमा परिणत गरी आ आफ्नो दैनीक जीवन सरल र सहज बनाउन स्थानिय बासीन्दाको मनोवल बढदै गएको महसुस हुन थालेको छ । आगामी दिनमा यस नगरभीत्रको विकास निर्माणको साथै स्थानिय बासीन्दाको बृति विकास एवं रोजगार, आयमुलक सिप विकासहरुमा समेत कार्ययोजना वनाई अघि बढनु पर्ने टडकारो आबश्यकता देखिएको हुंदा आगामी आ.व. मा आयमूलक,शिप विकासका कार्यक्रम संचालनमा राजनितीक दल,संघ संस्था एवं स्थानिय बासीन्दाको समेत सहभागीता रहनेछ भन्ने कुरामा नगरपालिका आशाबादी भएको कुरा समेत यहाहरु समक्ष स्पष्ट पार्न चाहान्छु ।

नेपाल सरकारको २०१५ भीत्र साक्षर नेपाल बनाउने निती र लक्ष्य अनुरुप यस नगरपालिकाले पनि नगरपालिका क्षेत्र भीत्र कुल जनसंख्या ३२,५२२ मध्ये साक्षर प्रतिशत ९७.५ भएकोले अन्तरराष्ट्रिय मान्यता अनुसार ९५ प्रतिशत साक्षर भएको अवस्थामा त्यस्तो स्थान, क्षेत्र लाई पूर्ण साक्षर घोषणा गर्न सकिने भएकोले चाँगुनारायण नगरपालिकालाई मिति २०७२।०६।२४ गतेका दिन सबैको सहयोग र सहभागिता सहित पुर्ण साक्षर नगरपालिका घोषणा गर्न सफल भयौं ।

नेपाल सरकारको निर्णय अनुसार भुकम्प पश्चात निर्माण हुने घर, भवन हरुलाई भुकम्प प्रतिरोधी र व्यवस्थीत बनाउनको लागि कार्यन्वयनमा ल्याइएका मार्गदर्शन, मापदण्डहरु लाई मिति २०७२।०६।२९ मा विशेष परिषदको आयोजना गरी पारित गरी यस नगरपालिका क्षेत्र भित्र कार्यान्वयनमा ल्याइएको छ ।

नेपाल सरकारको निर्णयानुसार मिति २०७१।०८।१६ मा नगरपालिका घोषणा गर्ने क्रममा यस नगरपालिका भित्र १६ वटा वडा कायम गरी नगरपालिकाको केन्द्र नारायणटार भनी राखिएकोमा यस नगरपालिकाको प्रथम नगरपरिषद बाट उक्त निर्णय मध्य वडा थप,वडा मिलान र केन्द्र संशोधन गर्नको लागि प्रस्ताव पारित गरी कारवाही अघि बढाइएकोमा नेपाल सरकार (मन्त्री परिषद) को निर्णय अनुसार साविक झौखेल वडा नं. १,२,३ लाई हाल न.पा.को वडा नं. ५, साविक झौखेल ४,५ लाई हाल न.पा.को वडा नं. ६, साविक झौखेल ६,७,९ लाई हाल न.पा.को वडा नं. ७ र साविक को वडा नं. ८ लाई हाल न.पाको वडा नं. १७ कायम गरिएको र न.पा.को केन्द्र चाँगु नारायणटार बाट हाल न.पा. कार्यालय संचालन भई आएको चाँगु साङ्गदह कायम गर्ने गरी संसोधन भै आएकोले सोही अनुसार न.पा.को भवन निर्माणको लागि हाल कार्यालय संचालनमा रहेको क्षेत्रमा ३० रोपनी जग्गाको भोगाधिकार,दर्ता श्रेस्ता कायम राख्न र भवन निर्माणको लागि आवस्यक रकम समेत माग गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा कारवाही अघी बढाएको छ । साथै यस नगरपालिकाको समग्र विकसको लागि नगर पार्श्‍व चित्र तथा स्रोत नक्सा समेत तयार पारिएको छ ।

स्थानिय स्वायत शासन ऐन २०५५, नियमावली २०५६, बमोजिम स्थानीय निकायलाई स्वायत सहित अग्रगामी रुपमा विकाश गर्न यस नगरपालिका क्रियासिल रहेदै अघी बढे पनि प्रचलित ऐन,नियम,निर्देशिका र स्थानीय स्तरको उपलब्धता एवं आवस्यकता अनुसारको कार्य संचालन गर्न जनप्रतिनिधीको जिम्मेवारी, दायीत्व महत्वपूर्ण भुमीका रहने हुदा स्थानिय निकायको निर्वाचन हुन नसकि विगत लामो समय देखी कर्मचारीहरु मर्फत स्थानिय निकाय संचालन गर्नु पर्दा विविध समस्याहरु झेल्नु पर्ने परिस्थीती आई पर्ने यथार्थत हामी सवैले भोगी रहेका छौ । तर पनि स्थानिय जनताको आफ्नै जनप्रतिनिधीहरु वाट शासित हुने र समस्याहरु लाई समाधान गराउन पाउने अधिकार बाट वन्चित रहेको अवस्थामा नेपाल सरकारले यथासम्भव कर्मचारी मार्फत स्थानिय जनताले सहयोगको अनुभुती गर्न पाउने गरी समय समयमा आवस्यकता अनुरुप भए गरिएका निती योजना लाई यो नगरपालिकाले पनि आत्मसात गर्दै सेवाग्राहीको दैनिक सेवा मा छिटो छरितो रुपमा सेवा प्रवाह गर्ने पहल प्रयत्न अपनाई आएको छ । अधिकांस भौतिक एवं सामाजिक विकासमा उपभोक्ता समिती, राजनैतिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामाजिक संस्थाहरु समेतको सल्लाह समन्वयमा संचालन गर्दै आएको छ । योजना कार्यक्रम लाई पारदर्शी र प्रभावकारी बनाउने उद्धेश्यले राजनीतीक दल, वडा नागरिक मञ्च, स्थानीय समाजसेवीहरु समेतको सल्लाह सहमती प्राथमिकिकरण योजना कार्यक्रमलाई वडा कार्यालय मार्फत संचालन गरि एकीकृत योजना तर्जुमा समिति र नगरपालिका बोर्ड समेत बाट आवश्यकताको पहिचान गरि कार्यान्वयनमा लाने परिपाटीलाई आत्मासात गरिएको छ ।

यस नगरपालिकाको समग्र विकासको लागि नेपाल सरकारवाट प्राप्त हुने अनुदान समेतको रकमबाट सम्पुर्ण आवस्यक पुर्वाधारहरु सम्पन्न गर्न कठिनाई भै रहेको हुदा नेपाल सरकारवाट प्राप्त हुने रकम सहित स्थानीय रुपमा आन्तरिक आय समेत व्यवस्थापन गर्ने योजना सहित न्यूनतम आवश्यक पूर्वाधार सम्पन्न गर्ने उद्धेश्यका साथ निति कार्यक्रम तर्जुमा गरिएको छ ।

हाल सम्म यस नगरपालिका क्षेत्र भित्र विविध कारणले सम्पन्न गर्न र कतिपय अवस्थामा कार्य योजना मै समाबेस गर्न छुट भएमा विषय हरुलाई आगामी दिनमा प्रतिवद्धता सहित कार्यान्वयनमा ल्याउनको लागि संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय र चाँगुनारायण नगरपालिका विच आ.व. २०७२।०७३ को अवधि भरि कार्यान्वयन गरिने गरि कार्य सम्पादन सम्झौता गरिएको छ । उक्त सम्झौता अनुरुप नगर विकास का कार्यक्रमहरुलाई व्यवस्थीत गर्ने सन्दर्भमा हामीले नगरक्षेत्र भीत्र भुउपयोग योजना, वातावरण मैत्री स्थानीय सुसाशन, राष्ट्रिय भवन सहिता, रेट्रोफीटीङ्ग योजना, खुल्ला क्षेत्र घोषणा, सडक मापदण्ड निर्धारण, सडक वतिको व्यवस्थापन, नगरपालिकाको न्यूनतम सर्त र कार्य सम्पादन मापनको कार्यान्वयन, वडा नागरिक मञ्चको विस्तार, राजश्व परिचालन, नगर यातायात गुरुयोजना, इन्टरनेट प्रयोग, सामाजिक सुरक्षा भत्ता वितरण, भ्रष्टाचार सुन्य सहनसिल नगरपालिका घोषणा, शहरी स्वास्थ्य क्लिनिक, छाडा पशु चौपाया नियन्त्रण, सार्वजनिक पार्क स्थापना, सार्वजनिक जग्गा संरक्षण, खुल्ला दिशा मुक्त क्षेत्र कार्यान्वयन, वातावरण मैत्री कार्यालय, भवन आचार सहिता तालिम, वालश्रम निषेध कार्यान्वयन,सरसफाई कार्यक्रम, होम स्टे ( HOME STAY) कार्यक्रम संचालन, भ्यू टावर निर्माण, ऐतिहासिक स्थलको संरक्षण र वालमैत्री सुसासन, एक न.पा. एक वस्तुको अवधारणा कार्यान्वयन, सडक विस्तार लगायतका विभीन्न कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने दायित्व जिमेवारी यस नगरपालिकामा आएको छ ।

यस नगर क्षेत्र भीत्र फोहर मैला व्यवस्थापन गर्न फोहर मैलाको उत्पादनको अवस्थामा नै कुहिने र नकुहिने, पुन प्रयोग हुने र नहुने फोहर छुट्याई उपयूक्त डम्पीङ्ग साइडको व्यवस्थापन यथासीघ्र गर्नु पर्ने आवश्यकता रहेको छ ।

यस नगरभीत्र पर्यटन विकास, सार्वजनिक पर्ति जग्गा संरक्षण, सार्वजनिक शौचालय व्यवस्थापन आन्तरिक वजारीकरण व्यवस्थापन, आर्थिक स्तरोनन्तीका विविध कार्यक्रम लगायतमा ध्यान दिई नगरपालिकाको आन्तरिक आय व्यवस्थापन सहित समयानुकुल परिमार्जित कर दस्तुरको व्यवस्थापन गर्दै यस नगरपालिकालाई आगामी दिनमा समृद्ध र सवल नगरपालिका निर्माण गर्ने निती लक्ष्य राखिएको छ ।

## चाँगुनारायण नगरपालिकाको समग्र नगर बिकास योजनाका प्रमुख नीतिहरु

**लक्ष्य :**

विश्व सम्पदा सुचीमा सुचिकृत भएको श्री चाँगुनारायणको मन्दिर रहेको चाँगुनारायण नगरपालिकालाई भौतिक, आर्थिक,सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण नगरको रुपमा विकास गरी आर्थिक एवं सामाजिक दृष्टिले समुन्नत,आत्मनिर्भर र स्वावलम्बी बनाउने लक्ष्य राखिएको छ ।

**उदेश्य :**

स्थानीय सरकारको रुपमा नगरपालिकाको सक्षम तथा दुरदृष्टिपूर्ण नेतृत्वमा सरकारी तथा गैर सरकारी क्षेत्र,निजी क्षेत्र एवं समुदाय सहितको संयुक्त सभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरी आर्थिक तथा सामाजिक असमानतालाई कम गर्दै शहरी सुशासन एवं पारदर्शिता कायम गरी समानुपातिक एवं समाबेशी बिकासको अवधारणा बमोजिम नगरपालिकाको पूर्वाधार बिकासको साथै शहरीय वातावरण सुधारका लागि सामाजिक क्षेत्रमा लगानी बृद्धि गरेर लक्षित वर्गका लागि बिशेष कार्यक्रमहरु मार्फत र आर्थिक तथा सामाजिक उन्नतिमा पहुँच बृद्धि गर्न गरिबी न्यूनिकरणका कार्यक्रमहरु संचालन गरिने छ र नगरपालिकालाई संस्थागत रुपमा सवल,सक्षम एवं आत्मनिर्भर बनाउदै लैजाने आ.व.२०७३।७४ को नीति तथा कार्यक्रमको मुख्य उदेश्य हुने छ ।

## प्राथमिकता :

उपरोक्त उदेश्य प्राप्तिका लागि नगरपालिकाबाट निम्न बमोजिमको प्राथमिकताको आधारमा बिषयगत क्षेत्रगत निति ,कार्यक्रम तर्जुमा गरिने छ ।

१) नगरपालिकाले दिगो विकासका लागि दिर्घकालीन सोच,लक्ष्य र उदेश्यसंग सामन्जस्य हुने गरी आवधिक योजना सहितको गुरु योजना, गरिबी न्यूनिकरण रणनिति पत्र र अन्य बिषयगत तथा क्षेत्रगत योजनाहरुको तर्जुमा गरिने छ ।

२) बित्तिय बिकेन्द्रीकरणको भावना अनुसार नगरपालिकाले लगाउने र उठाउन पाउने कर तथा गैरकर राजस्वका बृहत क्षेत्रहरुको पहिचान,संकलन तथा व्यबस्थापनमा निजी क्षेत्रसंगको सहकार्य गर्दै आन्तरिक तथा वाह्य राजस्वका नयाँ स्रोतहरुको पहिचान र उपलब्ध स्रोतहरुको अधिकतम परिचालन गरिने छ ।

३) शहरी आधारभूत सेवाहरु जस्तै सडक,यातायात बिकास,बिस्तार एवं स्तर उन्नति ,सफा खानेपानी,ढलनिकास,सरसफाई एवं वातावरण सन्तुलन र बिकास गरिने छ ।

४) महिला ,बालबालिका,अशक्त अपाङ्ग,दलित,आदीबासी,जनजाति,पिछडिएका वर्ग र बिपन्न तथा सिमान्तकृत समुदायको आर्थिक एवं सामाजिक विकासको लागि कार्यक्रम कार्यान्वयन गरिने छ ।

५) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका स्थानीय सरकार,स्थानिय निकाय, सम्बन्धित संघ संस्थाहरुसंग भातृत्वपूर्ण सम्बन्ध बिकास तथा बिस्तार गरिने छ ।

६) योजना तर्जुमा,कार्यान्वयन,अनुगमन तथा मूल्यांकन,संन्चालन तथा व्यबस्थापनसंग सम्बन्धित सूचना तथा तथ्याङ्कहरुलाई सूचना प्रबिधिको अधिकतम उपयोग गरिने छ ।

७) नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि नगर क्षमता बिकास योजना कार्यान्वयन गरिने छ ।

८) आपतकालिन रुपमा आइपर्ने प्रकोप नियन्त्रण एवं समस्या समाधानका उपयूक्त व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन व्यवस्थापनमा प्राथमिकता दिइने छ ।

९) समुदायमा आधारित टोल बिकास संस्थाहरु र अन्य सहयोगी संघ संस्थाहरुको सशक्तिकरण गरिने छ ।
यस नगरपालिका क्षेत्र भित्र आवश्यकताको पहिचानको आधारमा क्षेत्रगत रुपमा निम्नानुसार निति तर्जुमा र कार्यान्वयन गरिने छ ।

### १) **शहरीबिकास तथा भौतिक पूर्वाधार नीति :**

- नेपाल सरकार द्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन संहिता समेतका आधारमा निर्धारण गरिएको निर्माण सम्बन्धि मापदण्डलाई आधार मानी समग्र शहरी बिकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि बढाइने छ ।
- नगरक्षेत्रको सडक सन्जालमा सबै नगरबासीहररुको पहुँच बढाउन आबश्यकता र औचित्यको आधारमा नया सडकको निर्माण र भएको सडकहरुको स्तरोन्नति गरिने छ ।

- नगरपालिकाबाट संचालन हुने पूर्वाधार बिकास कार्यक्रमहरुमा सरोकारवालाहरुबाट कार्यस्थलमा नै सार्वजनिक तथा सामाजिक परीक्षण गर्ने  अभ्यासलाई थप प्रभावकारी बनाइने छ ।
- बिकास निर्माणका कार्यमा सलग्न स्थानीय टोल बिकास संस्था र उपभोक्ता समितिले गरे

  का कार्यहरुको मूल्यांकन गरी सर्वोत्कृष्ट कार्य गर्ने लाई सम्मान गरिने छ ।

- वातावरणीय मूल्याङ्कनलाई ध्यानमा राखी कार्यक्रम आयोजना संचालन गर्ने  गरी नगरलाई स्वच्छ सफा बनाईनेछ ।
- नगरपालिकाको व्यवस्थित शहरीकरण गुरु योजना तयार गरिने छ  (Master Plan) र नगर यातायात गुरुयोजना तयार गरिनेछ ।
- नगरपालिकाका क्षेत्रभित्रका घरहरुको BLOCK NO तयार गरी GPS प्रणाली लागु गरिनेछ ।
- नगरपालिकाको मुख्य सडक र बस्तीहरुमा सौर्य बत्तीको व्यबस्था गरिनेछ ।
- व्यवस्थित र विकशित नगरपालिकाहरुसंग समन्वय गरी अनुभव आदान प्रदान गरिने छ  ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था,नगरपालिका,महानगरपालिकासंग भगिनी संम्बन्ध कायम गरिनेछ ।
- स-साना आयोजना संन्चालन गर्नुको साटो समयमै सम्पन्न हुन सक्ने उपलब्धीमूलक आयोजना संन्चालन गरिने छ  र प्रकृया भन्दा गुणस्तरलाई उच्च प्राथमिकता दिइने छ ।
- नगर क्षेत्र भित्र यथासम्भव प्रत्येक घरमा सौर्य बत्ती जडानको निति कार्यान्वयनमा ल्याउने उपयुक्त पहल गरिने छ ।
- राष्टिय भवन निर्माण आचार सहिंता २०६४ लाई लागु गरिने छ ।
- नगर विकास प्राधिकरणको भवन निर्माण सम्बन्धि मापदण्ड २०६४ कार्यान्वयन गरिनेछ ।

२) **आर्थिक प्रसाशन तथा राजस्व परिचालन नीति :**

- साविक गा.वि.स. हरुमा रहेको बक्यौता बेरुजु एवं पेश्की फर्छ्यौट गर्ने  कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी फर्छ्यौट एवं असुल उपर गर्ने  नीतिलाई  थप प्रभावकारी बनाइने छ ।
- आन्तरिक श्रोतका कर, शुल्क, महशुल असुली व्यवस्थालाई प्रभावकारी बनाई नगर विकासको गतिलाई दिगो र भरपर्दो बनाउनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईने छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सरकारी सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने  कार्यलाई निरन्तरता दिइने छ ।
- व्यबसाय कर,बाहाल कर,तथा अन्य स्रोतहरुको लगत अद्यावधिक गदै लगिने छ ।
- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको आन्तरिक आयका स्रोतहरुको पहिचान र उचित व्यबस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत बृद्धि गदै लैजाने नीति अबलम्बन गरिने छ ।

- आन्तरिक राजस्व अभिबृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तरगत व्यबसाय कर पसल,घर जस्ता क्षेत्रमा सार्वजनिक निजी साझेदारीको अभ्यासलाई अगाडि बढाइने छ ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५ले प्रदान गरेको अधिकारको अधिनमा रही करका क्षेत्रहरुको बिकास गरी आन्तरीक आम्दानी बृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- नगर क्षेत्र भीत्र रहेका उद्योग,व्यवसायहरुलाई अनिवार्य रुपमा नगरपालिकामा दर्ता गर्नुपर्ने निती बनाई कर दस्तुरको दायरामा ल्याई आर्थिक पक्षलाई समेत प्रभावकारी वनाइनेछ ।

### ३) शिक्षा तथा स्वास्थ्य सम्बन्धी नीति :

- नगरपालिका भित्र संचालित उच्च मा.वि,मा.वि,नि.मा.वि तथा प्रा.वि को भौतिक संरचना सुधार तथा गुणस्तरीय शिक्षा उपलब्ध गराउन पहल गरिनेछ ।
- चाँगुनारायण नगरपालिका पूर्ण साक्षार नगरपालिका घोषणा भएता पनि अझै बाकी २.५ प्रतिशत निराक्षर लाई साक्षर बनाउने तर्फ अभियानको रुपमा कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र सामुदायिक विश्वविद्यालय स्थापना गर्न पहल गरिनेछ ।
- नगर क्षेत्र भित्ररहेका स्वास्थ्य संस्थालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदायकका रुपमा विकास गरि Drug scheme लागु गरिनेछ ।
- चाँगुनारायण नगरपालिका स्थित निर्माणधिन प्रस्तावित अस्पताल भवनमा राष्ट्रिय स्तरको छाती रोग अस्पताल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिका भित्र प्रत्येक वडा कार्यालयहरुमा E– LIBRARY स्थापना गर्न पहल गरिनेछ ।

### ४) वातावरण र सरसफाई सम्बन्धि नीति :

- फोहोर मैलाको अल्पकालीन तथा दीर्घकालीन व्यवस्थापनको लागि 3R सिद्धान्तलाई व्यवहारमै कार्यान्वयन गर्न समुदाय तथा बिद्यालयमा आधारित अनुशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न सार्वजनिक निजी साभेदारी अवधारणा अनुरुप फोहोर व्यवस्थापन गरी नगरलाई स्वच्छ , सफा, हराभरा बनाईने छ ।
- वन तथा वातावरण र पर्यावरणको संरक्षण गरी हरित क्षेत्र निर्माण गरिने छ ।
- पूर्ण सरसफाई अभियानलाई उच्च प्राथामिकता दिई अगाडि वढाइने छ ।
- नगरको सरसफाई तथा वातावरणीय स्वच्छता कायम राख्न सार्वजनिक निजी तथा अन्य सरकारी कार्यालयहरुको साझेदारीमा कार्यक्रम तय गरी वातावरणीय मैत्री विकास निर्माण प्रकृयालाई अगाडि बढाउने नीति अवलम्वन गरिनेछ ।
- वातावरण मैत्री काम कारवाही अगाडि बढाउन EIA गरिनेछ ।

### ५) <u>समुदाय विकास नीति :</u>

- समावेशी र समतामूलक विकासको लागि महिला, वालवालिका, दलित, जनजाती, आदिवासी, अल्पसंख्यक समुदाय लगायत पिछडिएका तथा पछाडि परेको क्षेत्रमा टोल विकास संस्थाको माध्यमद्धारा एकीकृत प्याकेजको रुपमा लक्षित वर्ग कार्यक्रम तथा सामाजिक परिचालनद्धारा शहरी गरिबी न्यूनीकरण र शहरी सुशासन कायम गर्दै लगिने छ ।
- कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरी कृषि उत्पादका लागि कृषक तथा सो संग सरोकार राख्ने संघ संस्थाहरु संगको सहकार्यमा सहयोगी कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

### ६) <u>समाज कल्याण, सामाजिक तथा सांस्कृतिक बिकास सम्बन्धी नीति :</u>

- महिला जनजाति बालवालिका दलित अपाङ्ग असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अर्न्तगत ती वर्गको सशक्तिकरणको लागि आबश्यक कार्यक्रमहरु संन्चालन गरिने छ ।
- सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत राज्यले सुबिधा उपलब्ध गराउने लक्षित समूहको लगत अध्यावधिक गर्ने  कार्यलाई निरन्तरता प्रदान गरिने छ ।
- नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु अशाहय,अपाङ्ग,बृद्ध बृद्धा एवं दृष्टिबिहिनहरुको लागि एकद्धार प्रणालीबाट प्राथमिकताका साथ उपलब्ध गराउने नीति लिइने छ ।
- ऐतिहासिक धार्मिक सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थान,कला,सस्कृति,जात्रा,समारोहहरुको संरक्षण सम्बर्दन र बिकासका लागि बिशेष जोड दिइने छ ।
- चाँगुनारायण नगरपालिकालाई सांस्कृतिक नगरको रुपमा बिकास गरी चाँगुनारायण क्षेत्रका ऐतिहासिक धार्मिक तथा सांस्कृतिक सम्पदाको बिकास गर्न अधिकार सम्पन्न चाँगुनारायण क्षेत्र बिकास समिति गठन गर्न पहल गरिने छ ।

### ७) पर्यटन एवं पुरातत्व सम्बन्धी नीति :

- चांगुनारायण विश्व सम्पदा सूचीमा परेको हुँदा चांगुनारायण भित्र रहेका अन्य महत्वपूर्ण पर्यटकीय स्थलहरुलाई समेत आकर्षक पर्यटकीय स्थालको रुपमा बिकास तथा बिस्तार गरिनेछ।
- ऐतिहासिक धार्मिक पर्यटकीय दृष्टिले महत्वपुर्ण त्रिशुल डाँडा मुलकोट गढी क्षेत्रका गोरखनाथको मन्दिर निर्माण गर्न तथा सो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ ।
- चाँगुनारायण मन्दिर एवं धार्मिक तथा सांस्कृतिक महत्व जोडिएको शंखदहलाई पुन निर्माण गर्न आवस्यक पहल गरिनेछ ।
- पुरातत्व विभागबाट सम्झौता गरी स्वीकृती पाई चाँगुनारायण मन्दिर प्राङ्गणमा रहेको सत्तहरुमा संचालनमा रहेको “लिभिङ्ग ट्रेडिसन्स म्युजियम” समेत भुकम्प बाट क्षति भै सत्तलहरु भत्किएकोले सो सत्तलहरु यथासिघ्र पुननिर्माण गरि म्युजियम संचालन गर्न समन्वयकारी भुमिका निर्वाह गरि नगरपालिकाको प्रत्यक्ष समन्वयमा पर्यटन बिकास र प्रवद्धनमा भुमिका निर्वाह गरिने छ ।

**८) <u>वन तथा वातावरण सम्बन्धी नीति :</u>**

- वन वातावरण र पर्यावरणको संरक्षण गरि हरित क्षेत्र ( GREEN LAND ) निर्धारण गरिनेछ ।
- नगर वन तथा उद्यानको विकास तथा विस्तार गर्न वन कार्यालयसंग समन्वय गरी कार्यक्रम अगाडि बढाउन शुरुवात गरिनेछ ।
- एकघर कम्तीमा एक विरुवा अनिवार्य लगाउनु र हुर्काउनु पर्ने र नभएमा सो वापत जरिवाना असुल उपर गर्ने निती कार्यान्वयन गरीनेछ ।

**९) <u>कृषि औद्योगिक तथा व्यापार नीति :</u>**

- उद्योग,व्यापार तथा व्यवसायको अभिलेखिकरण गरिने छ  र औद्योगिक क्षेत्र तथा कृषि पकेट निर्धारण गरिनेछ ।
- विषादी रहित प्राङगारिक कृषि उत्पादन व्यवसायिक रुपमा विकास गर्न पहल गरिनेछ ।
- कृषि क्षेत्रमा व्यवसायीक खेती तर्फ उन्मुख हुन प्राथमिकता दिइने छ ।

**१०) <u>सुशासन प्रर्वद्धन एवं संगठन विकास नीति :</u>**

- नगरवासीलाई सुसुचित गराउने उद्देश्यले नगरपालिकाले गरेको विभिन्न क्रियाकलापहरुलाई चौमासिक रुपमा बुलेटिन प्रकाशन गरिने छ  र कार्यालयको WEBSITE निर्माण अन्तिम चरणमा पुगेकोले सो को याथासिघ्र शुरु गरि अद्यावधिक गर्ने  कार्यको थालनी गरिने छ ।
- नगरपालिकाले प्रदान गरेको सेवा सुविधाको सम्बन्धमा नागरिक वडापत्र अद्यावधिक,जनगुनासो सुन्ने व्यवस्था, कर सम्बन्धि घर घरमा नि:शुल्क फारम वितरण तथा फारम भर्न सहयोग गर्ने व्यबस्था मिलाईनेछ ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याकंन पद्धतिलाई सचेतीकरण र पुरस्कृत प्रभावकारी र बैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ ।
- पारदर्शीता एवं सुशासनका लागि नगरपालिकासंग सम्बन्धित सम्पूर्ण सूचनाहरुलाई विभिन्न संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने  कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाको वार्षिक नीति,कार्यक्रमको कार्यन्वयनलाई प्रभावकारी बनाउन सुपरिवेक्षण एवंम अनुगमन संयन्त्रको व्यवस्था गरिनेछ ।
- सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई निरन्तरता दिईनेछ ।

आगामी आ.व. २०७३।७४ को लागि चाँगुनारायण नगरपालिकाको आम्दानी निम्नानुसार प्रस्तावित गरेको छु।

**केन्द्रीय अनुदान तर्फ**

| | |
|---|---|
| १.पूजीगत खर्च | १ करोड ७२ लाख ६० हजार |
| २.नगरपालिका सर्सत अनुदान स्थानिय विकास शूल्क कोष | ९६ लाख |
| ३.नगरपालिका चालु अनुदान | ४५ लाख |
| ४.स्थानिय शासन तथा सामुदायिक बिकास कार्यक्रम | ५५ लाख ८५ हजार |
| ५.राष्ट्रिय योजना आयोग कर्मचारी सहयोग | १ लाख ९३ हजार २ सय |
| ६.सामाजिक सुरक्षा भत्ता | १ करोड ९५ लाख |
| जम्मा | ५ करोड ६६ लाख आठ हजार २ सय |

**आन्तरिक श्रोत तर्फ**

| | |
|---|---|
| १.चागुनारायण पर्यटक प्रबेश शुल्क | १५ लाख |
| २.कच्चा पानी ठेक्का | २३ लाख ८० हजा |
| ३.स्रोत बाडफाड (जि.वि.स.) | ३० लाख |
| ४.राजश्व बाडफाड (मालपोत) | २०लाख |
| ५.कर दस्तुर शुल्क जरिवान तथा विविध | १५ लाख |
| ६.काचो ईटा निकासी शूल्क | ६० हजार |
| बलबालिका समाज नेपालले गर्ने कार्य | ६ लाख ४० हजार ८ सय २९ |
| **जम्मा** | **२ करोड ४५ लाख ८० हजार ८ सय २९ मात्र** |

**खर्च तर्फ**

आगामी आ.व. २०७३।७४ को लागि चाँगुनारायण नगरपालिकाको प्रस्तावित पूजीगत खर्च रु ५ कारोड १० लाख १९ हजार २९ रुपैया र चालु खर्च तर्फ रु ३ करोड २ लाख गरी कूल खर्च रु ८ करोड १२ लाख १९ हजार २९ रुपैया प्रस्तुत गरेको छु।

यस नगरपालिकाको आ.व. २०७३।७४ को योजना तर्जुमा एवं निती तथा कार्यक्रम (आय व्यय) तयारी को क्रममा देहाय अनुसारबाट सहभागितामा आधारित विधि अवलम्वन गरि अमुल्य राय सुझाव प्राप्त भएको थियो ।

क) वडा नागरिक मञ्च

१. जयन्द्र खड्का

२. सानुकाजी दथेपुथे

३. केदार दुवाल

४. मोहन कुमार वन

५. सानु प्रसाद दाहाल

६.

७. दशराम सुवाल

८. प्रदिब्न पोखरेल

९. कुवेर खत्री

१०. रोज बहादुर तामाङ्ग

११ सिता कुईकेल

१२. सोम प्रसाद प्रधान

१३. नरेस खड्का

१४. माधव न्यौपाने

१५. कृष्ण हरि खड्का

१६. सिजन खड्का

१७. पुर्ण बहादुर माकजु

**एकीकृत योजना तर्जुमा समिति**

१. नगरपालिका प्रमुख (संयोजक)

२. शुसिला तामाङ्ग (सामुदायिक संस्थाको महिला प्रतिनिधि)

३ सोम प्रधान (गैर सरकारी संस्थाको प्रतिनिधी)

४ रामकृष्ण परियार( दलित संस्था प्रतिनिधि)

५शारदा थापा (महिला सहकारी आदि संस्था प्रतिनिधी)

६ परासर न्यौपाने (बाल क्लब प्रतिनिधि)

७. उमेश प्रधान (आदिवासी जनजाती संस्थाको प्रतिनिधी)

८. उत्तम नारायण भडेल (पिछडा वर्गको प्रतिनिधि)

९. श्रीराम खनाल (समाज सेवी बुद्धिजिवि जेष्ठ नागरिक को प्रतिनिधि)

१०. उजेली लामा (नागरिक सचेतना केन्द्र प्रतिनिधि)

११. विमला अर्याल खड्का (अपङ्गता भएका व्यक्ति प्रतिनिधि)

१२. स्थानिय नगर स्तरिय राजनैतिक दलका प्रतिनिधी

१३. गिता मगर (महिला सहकारी आदि संस्था प्रतिनिधी)

१४ सिता कुइकेल (वडा नागरिक मञ्च महिला प्रतिनिधि)

१५ उद्योग वाणिज्य संघको प्रतिनिधि

**ग) नगरपालिकाको स्थानीय राजनैतिक दलका प्रतिनिधि**

१.सुरेश श्रेष्ठ (नेपाली काग्रेस)

२. रमेश बुढाथोकी (ने.क.पा. एमाले)

३. शंकर पोखरेल (ए.ने.क.पा. माओबादी)

४. किशोर बहादुर माकजु (रा.प्र.पा. नेपाल)

५. राम बहादुर थापा (रा.प्र.पा)

६. साधुराम दाहाल ( ने.क.पा.माले)

७. मिन बहादुर बाटा (ने.म.कि.पा)

८. रामभक्त खत्री (ने.क.पा. क्रान्तिकारी माओबादी)

९. अशोक वयलकोटी ने.क.पा. माओबादी

१०. कान्छा तामाङ्ग (नया शक्ति निर्माण अभियान)

## भवन निर्माण सम्बन्धी मापदण्ड तथा शर्त नियमहरु :

**नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७२।०४।३१ गते को पत्रसाथ प्राप्त नेपाल सरकार ( माननिय मन्त्री स्तर) को मिति २०७२।०४।२९ को निर्णय अनुसार स्वीकृत बस्ती बिकास सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२ र यस न.पा को प्रथम नगर परिषद बाट पारित भएको भवन निर्माण सम्बन्धि मापदण्ड समेतलाई मध्यनजर गरि भवन निर्माण सम्बन्धमा देहाय बमोजिम मापदण्ड स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।**

**१.पहुँच मार्ग**

**क. केन्द्र बाट ११ मिटर मापदण्ड कायम भएको**

१. कमल बिनायक सैनिक शिक्षालय बाट तेलकोट नगरकोट सडक

२. खासाङ्ग खुसुङ्ग पुल देखि निकोसिरासम्मको सडक

**ख. केन्द्र बाट ७ मिटर र १.५ मिटर सेटव्याक कायम भएको**

१. भर्सेको साँगु - पकुनेपाटि - पिखेल - चाँगु सडक

२. सल्लाघारी दुवाकोट - गेलाल गाउ - साङ्गदह सडक ।

३. व्यासी - कासन - झौखेल - गेलाल गाउ - नारायणटार - साङ्गदह सडक ।

४. मुलपानी - साङ्गदह - नाट्यश्वरी - तेलकोट सडक ।

५. साङ्गदह कासीलाल को घर हुदै नेक वेसी सशत्र क्याम्प - सरस्वतीखेल बसपार्क ।

६. खडका डिल-बेसी सडक ।

७. चाँगु - पौवा - त्रिशुल डाडा - तेलकोट सडक ।

८. साङ्गदह - हलचाप - निलोपुल - दुरसंचार सडक ।

९. खडका डिल - सुयलडाडा - रुपाथली - सोमथली - सरस्वतीखेल बसपार्क सडक ।

१०. तेलकोट- छायाबस्ती सडक ।

११. नारायणटार - डि हुदै - चाँगु उच्च मा.वि. सडक ।

१२. चाँगु उच्च मा.वि- नेक जाने बाटो ।

१३. सैनिक शिक्षालय बाट संयुक्त वडा कार्यालय ( छालिङ्ग ) हुदै मछेनारायण सम्मको सडक ।

**ग. केन्द्र बाट ५ मिटर र १.५ मिटर सेटव्याक कायम भएको सडकहरु**

१. खरीपाट्टि-मनकामाना सडक

२. गणेश मा.वि वाट नागटोली (ओम शान्ती हुदै डि गाउ तेलकोट सडक)

३. गणेश मा.वि वाट गैडा गाउ हुदै साविक गा.वि.स आउने सडक

४. रातो पाटि वाट कुनौटा हुदै साविक छालिङ्ग वडा नं. ५ थापा गाउ बाट मच्छे नारायण जाने सडक

५. कुनौटा वाट भाजु भैरव हुदै घुमाउने जाने सडक

६. ढुङ्गेपाटी बाट गुडि गाउ जाने सडक

७. पकुनेपाटि वाट कालिटार हुदै त्याटल गाउ जाने सडक

८. पकुने पाटि वाट गैडा गाउ हुदै गा.वि.स जाने सडक

९. KMC चोक बाट फैढोका गणेश जाने सडक ।

१०. वासुकि वाट राहुल गाउ हुदै तेलकोट जाने सडक

११. सिमचौर,वेगविनायक हुदै त्रिशुल डाँडा जाने सडक

१२. संयुक्त वडा कार्यालय छालिङ्ग बाट गुसीटार जाने सडक ।

१३. घुमाउने भुसुण्डोल राधा कृष्ण स्कुल सडक ।

१४. वडा कार्यालय छालिङ्गजाने मूल सडकमा जोडिने टुलकुमारी मगर लोक ब भण्डारीको घर पछाडी गैडा गाउ जोडने सडक ।

१५.दकु बाट चण्डोल आउने सडक ।

१६. जागृति चोक- यपि भैरव-माहाकाल चोक सडक ।

१७. व्यासी-कासन-लुकुन्डोल सडक ।

१८. कमलपोखरी-कार्कीटोल-लाकिला सडक ।

१९. पिपलबोट - लाकिला सडक ।

२०. पिपलबोट बाट आजाद स्कुल - हतासी टोल सडक ।

२१. जयराम थापाको घर - हनुमानटार - सहकारी सडक ।

२२. झौखेल-कोल्पाकोट-सुजखु टोल-दाहाल गाउ-ज्योतिलिङ्गेश्वर सडक ।

२३. कोल्पाकोट-लाकिला-पकुनेपाट्टी सडक ।

२४. कालो पाटी-दोवु हुदै-लुकुन्डोल जाडने सडक ।

२५. गणेश बोर्डिङ स्कुल-क्षेत्रपाल गणेश ओरालो  जोडने सडक ।

२६. साविक झौखेल ३ नं. चोक - झौखेल हेल्थ पोष्ट - बराबोट - ज्योतिलिङ्गेश्वर सडक ।

२७. साविक झौखेल दुवाकोट सिमाना बाट गया टोल जाने सडक ।

२८. ख्वप कलेज अगाडि वाट गोसाइको घर हुदै सुवालटोल सडक ।

२९. खोलाघर मुल सडक-खोला घर हुदै क्षेत्रपाल महिला भवन अगाडि जोडने सडक ।

३०. गणेश प्रा.वि पछाडिबाट-थली आउने सडक ।

३१. बेसी खनालटोल मगर गाउ हुदै निलो पुल सम्मको बाटो (जानकी मार्ग) सडक ।

३२. न्याचा पौवा स्कुल बाट श्री कृष्ण प्रा.बि हुदै साखु पुल सम्मको सडक ।

३३. न्याचा पौवा स्कुल बाट कापाहिटि हलचाप सडक ।

३४.नारायणटार चौर बाट डोल्छी हुदै ज्योतिलिंश्वर सम्मको सडक ।

३५. न्याचा पौवा बुढाथोकि गाउ बाट ज्योतिलिंश्वर सम्मको सडक ।

३६. खनाल गाउ पोखरेल गाउ हुदै ज्योतिलिंश्वर सम्मको सडक ।

३७ कुलेको पोखरी-चाँगुनारायण PHC हुदै चागु मानदेव कल्ब जोडने सडक ।

३८. पौवा दारे गँडा चापाख्वाल सडक ।

३९. न्याचा पौवा स्कुल बाट पिकनिक स्पट हुदै ट्टगोल सडक ।

४०. चागुनारायण न.पा. वाट गामढोका सडक ।

४१. मादेव क्लब-चापाख्वाल- तेलकोट सडक ।

४२.  रोका गाउ पिपल बोट हुदै फैढोका गणेश सम्मको सडक ।

४३. साविक दुवाकोट वडा नं. ८ डोलको बाटो-सरस्वती मन्दिर सडक ।

४४. साविक दुवाकोट वडा नं. ८ बसपार्क-बुद्ध स्थान जाने उकालो सडक ।

४५. साविक झौखेल-दुवाकोट सिमाना सडक ।(लुकुण्डोल )

४६. साविक दुवाकोट र मध्यपुर सिमाना सडक ।

४७. साविक दुवाकोट वडा नं. १ फैढोका गणेश मन्दिर वडा नं. ७  बुद्दस्थान जाने सडक ।

४८. बुद्दस्थान गाँखु-मध्यपुर निकोसेरा सडक ।

४९. दुवाकोट स्वास्थ्य केन्द्र हुदै ठकुरी गाँउ जाने सडक ।

५०. न्याचा पौवा स्कुल बाट पिकनिक स्पट हुदै ईन्द्रेणी सडक ।

५१. चाँगु न.पा १० दोबाटो टोल-खरिडांडा हुँदै बेसी जाने सडक ।

५२.पौवा-छाप-सल्मुटार सांखु सडक ।

५३.घुम्तीबाट नाट्ेश्वरी निस्कने सडक ।

५४. दण्डिपाखा-बारुदखाना-फसिङटार हुंदै वोडे जोडने सडक ।

**घ केन्द्र बाट ३ मिटर र १.५ मिटर सेटव्याक कायम भएको सडक**

१. झौखेल दुवाकोट सिमाना बाट खाईतु टोल-दुवाकोट कारखाना चोक बाटो

२. सानो चक बाट गुजोल हुदै पाल्दिङ्ग जाने बाटो ।

३. साबिक दुवाकोट वडा नं. १ पाटिका चौर पश्चिम तर्फ बढाथोकी टोल हुदै मध्यपुर जाने बाटो ।

४. खत्री टोल-पुरानो के.एम.सी जाने सडक ।

५. भण्डारीको पसल बाट प्रधानटोल हुदै गणेश प्रा.वि. सम्मको सडक ।

६. साविक दुवकोट वडा नं. १ भण्डारीको घर देखि पूर्व बाटो

७. साविक दुवाकोट वडा नं. १ गुप्त बहादुर खत्रीको घर देखि फैढोका गणेश मन्दिर जाने बाटो

८. दुःख हरणेश्वर बाट  फैढोका जाने बाटो ।

९. कारखाना चोक देखि मगरटोल जाने बाटो ।

१०. चतुर्वाहु मन्दिर देखि फैढोका जाने बाटो ।

११. बोर्डरबाटो - बसुनडोल साविक दुवाकोट वडा नं. ४ त्यात टोल ।

१२. ध्याम्पे ओपी टिंगनी उकालो बाटो (हरि थापाको घर हुदै टिंगनी बाबुलालको घर तर्फ)

१३. रुद्रमानको घर देखी नहीटी हुदै भक्तपुर जाने बाटो ।

१४. सोमथली बाट बेसी आउने बाटो ।

१५. ख्याजुटोल हुदै नहीटी जाने बाटो ।

१६.नवराज थापाको घर वाट पखेरा हुदै ज्योतिलिꣳश्वर जाने सडक ।

१७. वडा कार्यालय छालिङ्गजाने मूल सडकमा जोडिने टुलकुमारी मगर लोक ब भण्डारीको घर पछाडी गैडा गाउ जोडने सडक ।

१८. यापीभैरव स्कुल वाट क्षेत्रपाल गणेश जाने बाटो ।

२९. कुलेको पोखरी बाट संगम टोल हुदै ज्योतिलिङ्गेश्वर जाने सडक ।

**<u>ङ केन्द्र बाट ३ मिटर मापदण्ड कायम भएका सडकहरु</u>**

१.ढकालटोल हुदै मुलबाटो जोडने बाटो ।

२. प्रधानटोल - फैढोका जाने बाटो ।

३. फैढोका पछाडी नकुलको घर हुदै रक्षाटोल जाने बाटो ।

४. के.एम.सी. होस्टेल बाट हस्पिटल जाने बाटो ।

५. कुमारको पसलबाट सन्तेको घर हुदै नया बस्ती खहरे सम्म (दुवाकोट)

६. बुढाथोकी टोल बाट निकोसिरा जाने बाटो ।

**<u>च. केन्द्र बाट २ मिटर र १.५ मिटर सेटव्याक कायम भएका सडकहरु</u>**

१. बलराम थापाको घर चिनीको पसल सम्म

२. प्रेम बहादुर बाखुको घर बाट गोजा टोल-मलेपती टोल - तजले टोल हुँदै न्हटि जाने बाटो ।

४. बल बाहादुर दुवालको घर दखि चुनदेवी जाने बाटो (झौखेल)

५. श्याम कृष्ण ग्वाछाको घर चोक - रविन्द्र ग्वाछाको घर - मेन बाटो जोडने बाटो

६. सुजखुटोल-ग्वाछा टोल - मानदेव मुल सडक जोडने बाटो

८. निलो माईको बसुपाक- लपटन डाडा हुदै चागु न.पा. आउने सडक जोडिने बाटो

९. तिन दोबाटो - सिमलटार हुदै नारायणटार सडक।

१०.लामिडाँडा - फुलबारी - नेक सडक

११. सेतो भवन - गुरुङ्ग गांउ हुदै च्यान डाडा।

१२. मुल सडकको कुवाबाट - के.एम.सी जोडने बाटो।

१३. थिङ्गटोल - लो टोल हुदै च्यान डाडा सम्मको सडक।

१४. थिङ्गटोल - लो टोल - लामाटोल हुदै च्यान डाडा सम्मको सडक।

१५.साविक झौखेल ७,८ को सिमाना रामकाजीको घरदेखि -आग्न्जा टोल-लम्सालटोल-वानियां टोल हुँदै आदाज स्कुल जाने बाटो बाटो।

१६. पुरानो झौखेल ७ स्थित बांसघारी देखि लम्साल टोल-बानियां टोल-हन्जु टोल हुँदै डोल सम्म जाने बाटो।

२. माथि उल्लेखित नभएका मोटर चल्ने सडकमा ४ मिटर भन्दा कम चौडाई भएका बाटोहरुमा केन्द्रबाट २ मिटर र १.५ मिटर सेटव्याक छोडनु पर्नेछ।

३. १५०.०० मिटर(Dead End) भएको बाटोमा केन्द्रबाट २ मिटर सडकको मापदण्ड छोड्न पर्नेछ।

४. गोरेटो बाटोको किनार बाट ५ फिट छोड्नुपर्ने छ। (२०२१ सालको नापी नक्सामा उल्लेख भएका गोरेटो बाटो)।

५. चलन चल्तीका बाटाहरु मा नक्सा पास गर्दा संधियारहरुको अनिवार्य उपस्थितिमा सर्जमिन गराई वडा कार्यालयबाट चलन चल्तीको बाटोको सिफारिस अनिबार्य रुपमा पेश गर्नुपर्नेछ।

६. पुरानो प्लानिङ्गको स्वरुपमा टुक्रा जग्गामा ४ मिटरको बाटो कायम गरि १.५ मिटर सेटव्याक छोड्नु पर्नेछ।

७. एतिहासिक तथा पुरातात्विक क्षेत्रको हकमा :-

- चाँगु बसपार्क बाहिरीमोडको बाटो गणेश स्थान - कोठ गाउ - गामढोका जाने बाटोमा सार्वजनिक जग्गा सिमाना बाट सडकको दाया बाया ३ फिट छोडनु पर्ने ।
- चाँगु बसपार्क बाहिरीमोडको बाटो गणेश स्थान - कोठ गाउ-गामढोका जाने बाटोबाट मन्दिर तर्फको क्षेत्रको हकमा यथास्थितिमा निर्माण, पुनः निर्माण गर्न पाईनेछ र उक्त क्षेत्रमा FAR लागु नभई तीन तल्ला र भऱ्याङ्ग कभर सम्म निर्माण स्वीकृती दिइनेछ ।
- एतिहासिक तथा पुरातात्विक क्षेत्रमा बन्ने घरहरुले अनिर्वाय रुपमा पुरातत्व विभागबाट स्विकृती लिनु पर्नेछ ।

८. साविकका गा.वि.स. हरुमा दर्तामा रही नक्सा पासको प्रक्रियामा रहेको नक्सा निबेदनहरुलाई साविककै मापदण्डमा नक्सा पासको प्रक्रिया बढाईनेछ । साथै विना स्वीकृति निर्माण भएका घरहरुको हकमा न.पा.ले तोकेको जरिवाना लागु हुनेछ ।

९.गुठीको जग्गामा निर्माण हुने घरमा गुठीको सहमती लिई अन्य लिईने दस्तुरको आधा दस्तुर लिई नक्शा पास गरिनेछ ।

१०. नगरपालिकामा २०७२ साल बैशाख १० गते सम्म दर्ता भई नक्सा पासको प्रक्रियामा रहेका नक्सा निबेदनहरुलाई साविककै मापदण्डमा नक्सा पासको प्रक्रिया बढाईनेछ ।

११. साविकमा बनिसकेका घरहरु जसले सार्वजनिक जग्गा,बाटो,घाटोमा नियम बिपरित मापदण्ड मिचेर बनाएका छन भने त्यसता घरहरुको नक्सा पास नगर्ने निर्णय गरियो ।

१२. स्वीकृत भएका नक्सा मापदण्ड विपरित नहुने गरि नगरपालिकाले तोकेको दस्तुर लिई नक्शा संशोधन गर्न सकिने निर्णय गरियो ।

१३. भवनको छानामा पर्ने वर्षादको पानी पाईपद्धारा जमिनको सतह सम्म ल्याउनु पर्ने छ ।

१४. सार्वजनिक चोक वा सडक अधिकार क्षेत्र र सेटव्याक भित्र पर्ने गरि क्यान्टिलेभ(टप) , वालकोनि र घर अगाडिको भऱ्याङ्ग (ऱ्याम्प) आदि वनाउन पाईने छैन । तर भवनको दायां वायां र पछाडि तर्फको सेटव्याकमा १.५ फिट मात्र टप राख्न पाईनेछ ।

१५. नगरपालिकाको नियम र मापदण्ड विपरित निमार्ण गरेको संरचना भत्काउन परेमा सोको स्वयं जिम्मेवार हुनुपर्नेछ । र त्यसरी भत्काउन लाग्ने खर्च सम्बन्धित घरधनीबाट असुल उपर गरिनेछ ।

१६. अब बन्ने घरहरुको नक्सा पासको लागि राष्ट्रिय भवन संहिता (National Building Code ) मा आधारित भई र न.पा बाट तयार गरिने निर्देशिकाका आधारमा हुनु पर्ने छ ।

१७. आवासीय भवनकालागि २५० वर्गमिटर सम्म क्षेत्रफल भएको घडेरीको ७०% प्रतिशत र सो भन्दा बढी क्षेत्रफल भएको घडेरीको ६०% प्रतिशत भन्दा बढी भवनको भुइतलाले चर्चिने क्षेत्रफल नहुने गरी स्वकिृती दिईने छ । सरकारी, अर्ध-सरकारी , सार्वजनिक भवनहरुलाई भवन निर्माण गर्दा भुइतलाले चर्चिने क्षेत्रफल जग्गाको क्षेत्रफल ५०% प्रतिशत भन्दा बढि नहुने गरी भवन निर्माण गर्न स्वकिृती दिईने छ ।

१८. अव उप्रान्त न्युनतम १ तल्लाको पुर्ण वा आंशिक निर्माण सम्पन्न प्रमाण पत्र लिएका भवनलाई मात्र पानी, विजुली, टेलिफोन आदि सार्वजनिक उपयोगिताका सेवाहरु जोड्न सिफारिश गर्ने । यसरि निर्माण सम्पन्न प्रमाणपत्र लिई सकेपछि थप निर्माण गर्नु पर्दा नक्सा पासको शुरुको अनुमतिको म्याद गुज्रिएमा पुन अनुमति लिनु पर्नेछ ।

१९. सिमा पर्खाल निर्माण गर्दा सम्बनधित निकायले तोकेको मापदण्ड अनुसार हुने गरी पर्खालको उचाई बढिमा ४ फिट अग्लो गाह्रो निर्माण र सो भन्दा माथी बढिमा ३ फिट जाली राख्ने गरी स्वीकृती लिएर मात्र गर्नु पर्नेछ ।

२०. भवन संहिता २०६० अनुसार भवन निर्माण गर्दा जग्गाको सांधसीमानाबाट न्युनतम १ मिटर छोडेर मात्र भवनको आइसोलेटेड पिलर जग (Isolated Column Footing ) तथा भारवहन गार्ह्रो निर्माण गर्न पाइने छ । तर पिल्लरको दुवै भाग अन्य व्यक्तिको घर, पर्खाल, जग्गा तर्फ जोडिने पिल्लरलाई सो पिल्लरको चारै तिरको पिल्लरलाई जोडने एउटै जग अथवा RAFT वा Combined Foundation राख्ने र पिलरको १ भाग मात्र अन्य व्यक्तिको घर पर्खाल संग जोडिने अवस्थामा जोडिएको घर पर्खाल संग ९० डिग्री कोणमा पर्ने बाँकी नजोडिएको पिल्लरसंग Strap वा Combined Foundation राख्ने गरी नक्सा पेश गरेको अवस्थामा फिल्थ निरिक्षण पछि घरनिर्माण अनुमति दिईनेछ ।

२१. नगरक्षेत्रमा सार्वजनिक यातायात चल्ने मूल सडक किनारामा रहेका भवनहरुले निर्माण अवधि सकिए पछि भवनहरुको छतमा पिल्लर ठडाई ( Open Pillar ) राख्न पाइनेछैन ।

२२. अव उप्रान्त आवाशीय प्रयोजनको लागि निर्माण हुने भवनहरुमा सटर तथा पसल राख्न पाइने छैन । यदि कसैले सटर पसल राखी भवन निर्माणको स्वीकृती लिएमा सो भवनलाई स्वत व्यापारिक भवन मानिनेछ । साथै ६ मीटर भन्दा कम चौडाईको सडकको पहुँच भएको भवनमा सटर राख्न पाइने छैन र सटर राख्दा कम्तिामा २ मीटरको सेटव्याक छोडनु पर्नेछ । आवसीय प्रयोजनका लागि निर्माण हुने भवन वा सोको केही अंश व्यापारिक प्रयोजनमा रहेमा सो भवन सम्पुर्णलाई स्वत व्यापारिक भवन मानिनेछ । तर योजनाबद्ध आवासीय क्षेत्रमा कुनै पनि भवनलाई व्यापारिक प्रयोजनमा ल्याउन पाईने छैन ।

२३. भुँई क्षेत्रको अनुपात ( FAR –Floor Area Ratio) सेट व्याक भवनको सम्पुर्ण तलाहरुमा निर्मित क्षेत्रफलको योगफललाई भवन बन्ने जग्गा वा घडेरी को क्षेत्रफलले भाग गरेर आउने भागफल १.७५ भन्दा बढि हुनु नहुने ।

२४. (क)(अत्याधुनिक प्रविधि अपनाई निर्माण हुने भवन) र (ख)(भुँई तलाको क्षेत्रफल १००० वर्ग फिट भन्दा बढी,३ तल्ला भन्दा अग्ला वा Structural Span ४.५ मिटर भन्दा बढी भएका भवन) वर्गको भवन निर्माण गर्दा न .पामा अनिवार्य रुपमा Structural Analysis Report सहितको नक्शा पेश गनु पर्नेछ । (ग) ( भुँई तलाको क्षेत्रफल १००० वर्ग फिट भन्दा कम,३ तल्ला भन्दा अग्ला वा Structural Span ४.५ मिटर भन्दा कम भएका भवनहरु) वर्गको भवन निर्माण गर्दा Structural Drawing सहितको नक्शा पेश गर्नु पर्नेछ ।

२५. यहाँ उल्लेख गरिएका मापदण्डहरुमा कमी नआउने गरी, अन्य मापदण्डहरुको हकमा नेपाल सरकारवाट स्वीकृत काठमाणडौ उपत्यका भित्रका नगरपालिका र नगर उन्मूख गा.वि.स हरुमा गरिने निर्माण सम्बन्धि मापदण्ड २०६४, बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२ र चाँगुनारायण नगरपालिकाको प्रथम नगर परिषदको निर्णय र राष्ट्रिय भवन सहिता २०६० लाई आधार मानिनेछ ।

२६. यस न.पा. क्षेत्र भित्र बन्ने १० आना भन्दा बढी जग्गामा बनेको २५०० वर्ग फिट भन्दा बढिका आवसिय भवनहरु कम्तिमा २०० वाट पिक भन्दा कम नहुने गरि सौर्य उर्जा प्रणाली जडान गर्नुपर्नेछ ।

# चाँगुनारायण नगरपालिका
## दोस्रो नगरपरिषद्
### आ.व. २०७३।०७४ का लागि प्रस्तावित आय व्ययको संक्षिप्त विवरण

